स्थानीय सरकारको रुपमा कार्यरत राइनास नगर कार्यपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य क्षेत्रगत नीति, कानून र मापदण्डको अधिनमा रही स्थानीय सरकारका अधिकार क्षेत्र र सवालका विषयमा जनमुखी, नतिजामुखी, पारदर्शी र उत्तरदायी हुने सङ्कल्पका साथ नगरको शासन, सेवा र विकासको अभियानलाई सुविचारित ढङ्गबाट अगाडि बढाउने प्रयास गरिएको छ । यो अभियानमा संघीय सरकार, प्रदेश सरकार, माननीय सांसदहरु, सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, उद्यमी व्यवसायी, प्रबुद्ध व्यक्तित्वहरु, समाजसेवी, नागरिक अगुवा र समग्र नगरवासीबाट उल्लेखनीय सल्लाह, सुझाव र पृष्ठपोषण प्राप्त गरेका छौं। जुन राइनासको भविष्य निर्माणको साझा मार्गदर्शन रहेको हाम्रो बुझाइ रहेको छ। अतः सबै सरोकारवालाको निर्णयमा सहज पहुँच पुगोस, खुला र जनउत्तरदायी सरकारको अवधारणालाई वास्तवमै नागरिकले अनुभुति गरोस भन्ने अभिप्रायले कार्यपालिकाबाट भएका निर्णयहरु सार्वजनिक गर्ने प्रयास गरिएको छ ।

राइनास नगरपालिकाको नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा **मिति २०७९ पुष १७ गते आइतबार बसेको १४ औं** नगर कार्यपालिकाको वैठकले छलफलमा पेश भएका १५ वटा कार्यसूचीहरु माथी छलफल गरी देहाय अनुसार निर्णय गरेको छ ।

<u>निर्णयहरु:</u>

१. राइनासटार सिंचाइ आयोजना र चम्पावती हाइड्रोपावर चेपे ए विचको विवादलाई समाधान गर्न नगर क्षेत्र भित्र क्रियाशिल राजनितिक दल लगायतका सरोकारवालाबाट प्राप्त सुझावलाई समेत दृष्टिगत गरी देहाय अनुसार निर्णय गरियो।

- सिंचाई आयोजना माथी हाइड्रोपावरले पारेको/पार्ने प्रभाव रोक्ने अभियानमा प्रतिवद्धता जायर गर्ने लमजुङ जिल्लाका सबै माननीय सांसदज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, समाजसेवी, बुद्धिजिवी, सम्पूर्ण किसान लागयत सबै सरोकारवालाहरुलाई धन्यवाद दिने।
- राइनासटार सिंचाई आयोजनाको इन्टेक भन्दा २०० मिटर माथी हाइड्रोपावरको पावर हाउस बन्ने गरी विद्युत उत्पादन आयोजना अगाडी बढाउन निर्देशन गर्ने ।
- उपप्रमुख लगायत किसानका अगुवाहरु विरुद्ध दायर गरिएका मुद्दाहरु खारेज गर्न अनुरोध गर्ने।
- प्रचलित विधि र पद्धति बमोजिम वार्ता र संवादको माध्यमबाट सिंचाई आयोजनामा आश्रित किसानहरुले अनुभुति गर्ने गरी न्याय प्राप्त नहुन्जेल पावर हाउस निर्माण सम्बन्धी कुनै पनि गतिविधि अगाडी नबढाउन चम्पावती हाइड्रो पावर चेपे ए लाई निर्देशन गर्ने।
- विवाद समाधानको लागि स्थलगत अध्ययनको लागि उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयबाट आउने उच्च स्तरीय प्राविधिक टोलीलाई पिडीत राइनासबासी कृषकहरु, नगरपालिका र अन्य सरोकारवालासँग समेत छलफल र अन्तरक्रिया गर्न अनुरोध गर्ने।

२. नगरपालिकाको राजश्व संकलन क्षमता र खर्चको आवश्यकतालाई दृष्टिगत गरि आगामी आर्थिक वर्ष २०८०/८१ को देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आए अनुसारको देहायको बजेट प्रक्षेपण स्वीकृत गर्ने निर्णय गरियो।

| स्रोत | प्राप्तिको श्रोत | गत वर्षको प्रक्षेपण | गत वर्षको बास्तविक आय | यस आ.व को प्रक्षेपण | हालसम्मको अवस्था | आगामी वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| संघ | राजश्व बाँडफाँड संघिय सरकार | ६१८४५६१८ | ५८३१८६७६ | ७४२०९००० | १२९५६४९२ | ७५०००००० |
| | समानिकरण अनुदान संघ | ८९६००००० | ८९६००००० | ९५२००००० | २३८००००० | ११०००००००० |

| स्रोत | प्रासिको श्रोत | गत वर्षको प्रक्षेपण | गत वर्षको बास्तविक आय | यस आ.व को प्रक्षेपण | हालसम्मको अवस्था | आगामी वर्षको प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | शशर्त अनुदान चालु संघ | २६४०२४४०० | २२२३९६३३४ | २४०९००००० | १११९५०००० | ३००००००००० |
| | शशर्त अनुदान पूजिगत संघ | ७१९३७८६५ | ५२८७७४१५ | ९२०००००० | २१९५०००० | १५००००००० |
| | समपुरक अनुदान पूँजिगत संघ | २७००००० | ० | १८०००००० | ० | ५०००००००० |
| | विशेष अनुदान चालु संघ | ० | ० | १३९००००० | ० | ४०००००००० |
| | विशेष अनुदान पूजिगत संघ | १३९००००० | ७३५१६०८ | १५०००००० | ० | २००००००००० |
| | जम्मा | ५०४००७८८३ | ४३०५४४०३३ | ५४९२०९००० | १७०६५६४९२ | ९२५०००००० |
| | राजश्व बाँडफाँड प्रदेश  सरकार | ११९५५००० | १०१३१९५९ | ० | ० | १२०००००० |
| | समानिकरण अनुदान प्रदेश सरकार | ९८८३००० | ९८८३००० | १०४५५००० | ५२२७७५० | २०००००००० |
| | समपुरक अनुदा प्रदेश सरकार | १०००००००० | ५०००००० | ६०००००० | ० | २०००००००० |
| | विशेष अनुदान प्रदेश सरकार | ० | ० | ६०००००० | ० | ४०००००००० |
| | जम्मा | ३१८३८००० | २५०१४९५९ | २२४५५००० | ५२२७७५० | ९२०००००० |
| | सम्पति बहाल तथा पट्टामा लाग्ने कर | | | १५००००० | ० | १५००००० |
| | एकिकृत सम्पत्ती कर | | | १०००००० | १००८५० | १०००००० |
| | भुमिकर/मालपोत | २०००००० | १६९३१५५ | ३०००००० | ५८५४३६ | ३०००००० |
| | घर बहाल कर | ८०००० | २९१५४५ | ३००००० | १३०२७५ | ५००००० |
| | बहाल विटौरी कर | ० | ० | १००००० | ० | १००००० |
| | सवारी साधन कर | ५०००० | ० | २००००० | ० | २००००० |
| | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १३००००० | ५४२०० | ० | ० | ४००००० |
| | अन्य सेवा शुल्क तथा विक्रि | ५५०००० | ७९२५१६ | ७००००० | ९३७५९५ | ७००००० |
| | परिक्षा शुल्क | २०००० | ० | ५०००० | ० | ५०००० |
| | नक्सापास दस्तुर | ८००००० | ४५५२६९ | १०००००० | ५५३५७ | ६००००० |
| | सिफारिस दस्तुर | ८००००० | १५१९७८५ | १८००००० | २९१२९० | १८००००० |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | ५५००० | २८७६३५ | ४००००० | ६४२०० | ४००००० |
| | नाता प्रमाणित दस्तुर | १५०००० | ३९२७७० | ५००००० | १२०४०० | ५००००० |
| | अन्य दस्तुर | ७००००० | ७४२१०७ | २००००० | १०९९० | २००००० |
| | व्यवसाय रजिष्ट्रेसन | १५०००० | १०८०५० | ७००००० | २६९१४० | ७००००० |
| | प्रशासनिक दण्ड जरिवाना | ५०००० | ८०४४५ | २००००० | ० | २००००० |
| | धरौटी सदरस्या | ५०००० | ० | २००००० | ० | २००००० |
| | व्यवसाय कर | ० | ० | ५००००० | ० | ५००००० |
| | बेरुजु | ५०००० | ५७८५८० | २००००० | ० | २००००० |
| | बैक मौज्दात | ४४७५०४५१ | ४४७४७४५२ | ९७००००० | ९०००००० | १०००००००० |
| | जम्मा | ५१५५५४५१ | ५१७४३५०९ | २२२५०००० | ११५६५५३३ | २२७५०००० |
| | कुल जम्मा | ५८७४०१३३५ | ५०७३०२५०१ | ५९३९१४००० | १८७४४९७७५ | १०३९७५०००० |

३. बजेट तथा कार्यक्रम समितिबाट सिफारिस भई आएका देहाय अनुसारका योजनाहरु समपूरक तथा विशेष अनुदान स्रोतबाट कार्यान्वयन गर्न राष्ट्रिय योजना आयोगलाई अनुरोध गर्ने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फः**

क. राइनसकोट पर्यटकिय पूर्वधार निर्माण/ चक्रतिर्थ धाम पूर्वधार विकास

ख. चेपेखोला जलाधार संरक्षण (वडा नं १ राइनासटार सिंचाइ नहर मुहानदेखी वडा नं ७ सम्म)

ग. कालिरह घर्तिगाउँ धमिलिकुवा सालफेदी लुपुगाउँ मोहोरियाकोट सडक पूर्वाधार निर्माण

घ. गौलिटार क्षेत्रीय खेलमैदान पूर्वाधार निर्माण

ङ. आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा वडा कार्यालय भवन पूर्वाधार निर्माण

**विशेष अनुदान तर्फः**

क. शैक्षिक गुणस्तर सुदृढिकरण वालविकास (ECD) परियोजना पूर्वाधार/यातायात व्यवस्थापन/सौभाग्योदय छात्रावास भवन निर्माण

ख. नगरस्तरीय अस्पताल संचालन/आधारभुत मेडिकल उपकरण व्यवस्थापन परियोजना

ग. ल्यान्डफिल साइट पार्क ब्यवस्थापन

घ. धानवालि पकेट/दुध उत्पादन पकेट क्षेत्र विकास

ङ. जलवायु अनुकुलन कार्यक्रम

४. राइनास नगरपालिका र दुध पोखरी गाउँपालिकालाई जोड्ने महत्वपूर्ण रणनीतिक सडकको रुपमा रहेको हर्राबोट राइनासकोट प्यारजुङ गौंडा सडक स्तरउन्नती गरी कालोपत्रे गर्न प्रदेश योजना आयोग मार्फत संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. राइनास नगरपालिका र पालुङटार नगरपालिकाले शासन, सेवा र विकासका साझा सवाल र चासोका सन्दर्भमा दुई पालिकाका प्रमुखहरुको वीचमा २०७९/०९/१२ गते भएको देहायअनुसारको लिखित सहमति अनुमोदन गरि विस्तृत कार्ययोजना सहित अगाडि बढाउन नगरपालिकालाई निर्देशन गरियो।

- दुई नगरपालिकाको सिमानाको रुपमा रहेको चेपे नदिको संरक्षण गरि जलिय जैविक विविधता संरक्षण गर्नेको लागि उक्त नदिमा हुने अप्राकृतिक रुपमा विद्युतिय करेन्ट तथा विष प्रयोग गरि माछा लगायत जलचर प्राणीहरु मास्ने गतिविधिहरुको नियन्त्रण गर्न प्रभावकारी उपाय अवलम्बन गर्ने निर्णय गरियो ।
- चेपे नदिमा ड्याम निर्माण गरि बहुउद्देश्यिय वृहत जलासयका लागि सम्भाव्यता अध्ययन गर्ने तथा सरोकारवालाहरुसँग छलफल बहस शुरुवात गर्ने निर्णय गरियो । साथै दुई नगरपालिकाको साझा चासोको रुपमा रहेको पर्यटकिय क्षेत्रहरु पालुङटार नगरपालिकाको लिगलिगकोट तथा राइनास नगरपालिकाको राइनासकोट जोड्ने पदमार्ग निर्माण र चेपे करिडोर विकासको सम्भाव्यता अध्ययन गर्ने निर्णय गरियो।
- दुई पालिकाको साझा फाइदाका लागि संयुक्त घाट संचालनार्थ चक्रतिर्थ धामको विकास र ल्याण्डफिल्ड साइडको अध्ययन गर्ने सम्बन्धमा छलफल गरियो ।

६. अपाङ्गता तथा अशक्तता भएका व्यक्तिहरु तथा संस्थाहरुलाई नगरपालिकाबाट प्रदान गरिने देहायबमोजिमका सेवासुविधाहरुमा निम्नानुसार कर छुट दिने निर्णय गरियो।

- रातो कार्ड पाएका लाभग्राहीहरुलाई सिफारिस, फारम शुल्क, नक्सापास, संस्था दर्ता, व्यवसाय दर्ता/नविकरण, व्यवसाय कर र एकिकृत सम्पती करमा शतप्रतिशत छुट दिने।

- निलो कार्ड पाएका लाभग्राहीहलाई सिफारिस, फारम शुल्क, नक्सापास, संस्था दर्ता, व्यवसाय दर्ता/नविकरण, व्यवसाय कर र एकिकृत सम्पती करमा पचहत्तर प्रतिशत छुट दिने।
- पहेलो कार्ड पाएका लाभग्राहीहलाई सिफारिस, फारम शुल्क, नक्सापास, संस्था दर्ता, व्यवसाय दर्ता/नविकरण, व्यवसाय कर र एकिकृत सम्पती करमा पचास प्रतिशत छुट दिने।
- सेतो कार्ड पाएका लाभग्राहीहलाई सिफारिस, फारम शुल्क, नक्सापास, संस्था दर्ता, व्यवसाय दर्ता/नविकरण, व्यवसाय कर र एकिकृत सम्पती करमा पच्चिस प्रतिशत छुट दिने।
- अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र हित प्रवर्द्धन गर्ने उद्देश्यले स्थापना गरिने सवै सामाजिक/सेवामुलक संघ संस्थाहरुको दर्ता/नविकरण निशुल्क गर्ने।

राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय तिनपिप्ले,लमजुङ गण्डकी प्रदेश, २०७३

७. व्यवसाय दर्ता प्रकृयामा प्रोत्साहन र सहजिकरण गर्ने उद्देश्यले हाललाई नगरपालिकाबाट व्यवसाय दर्ता गर्दा जग्गाधनी पूर्जा र घरभाडा सम्झौतालाई अनिवार्य नबनाउन नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो।

८. अनुदान प्रयोजनका लागि विभिन्न संघिय र प्रदेशका कार्यालयहरुमा अनुदान मागको सिफारिस गर्दा सिफारिस बापतको शुल्क नलिने र कार्य सम्पन्न पश्चात अनुदान प्राप्त गर्ने प्रयोजनको सिफारिसमा भने शुल्क लिने निर्णय गरियो।

९. ब्यवसाय दर्ता प्रकियालाई थप प्रभावकारी र व्यवसायीहरुको थप सहभागिता बढाउनको लागि नगर उद्योग वाणिज्य संघको अगुवाइमा नगरपालिकाले व्यवसाय दर्ता अभियानलाई १० वटै वडामा शिविरको रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

१०. एकिकृत सम्पत्ती करमा घर र घरले चर्चेको ८ आना सम्मको जग्गाको एकिकृत सम्पत्ति कर मुल्याङकन गर्दा घर भएको कित्ता नखुलेको खण्डमा घरधनी/सम्पत्ति धनीलाई नै स्वघोषणा गर्न लगाइ सोहि अनुसारको राजश्व लिने निर्णय गरियो।

११. सरकारी, गैरसरकारी र निजी संस्था वा ब्यक्तिले जनप्रतिनिधी/वडा प्रतिनिधिको अनिवार्य संलग्नता रहने गरी कसैको सम्पत्ती, सम्पत्तीको भोकाधिकार, नाता सम्वन्ध, नक्साङ्कन, सिमाङ्कन जस्ता विषयमा अष्पस्टता भइ न्यायीक निरुपण गर्नुपर्ने विषयमा सर्जमिन मुचुल्का गर्नुपरेमा सर्जमिन शुल्क लिने निर्णय गरियो।

१२. काठदाउरा कटानी वा निकासी गर्दा पालिकामा रहेको जिल्ला बन डिविजन कार्यालय मातहतको सव डिविजन कार्यालयबाट कटानी तथा निकासी गर्नुपर्ने परिमाणको सिफारिस एकिन भई आएपछि मात्र वडा कार्यालयले आर्थिक ऐन बमोजिमको कटानी र निकासी बापतको शुल्क एकैपटक लिएर कटानी/निकासी अनुमति दिने निर्णय गरियो।

१३. नगरपालिकाभित्रका कुनै जग्गाधनिले विगत लामो समयदेखि एकिकृत सम्पत्ति कर दाखिला नगरेकोमा स्थानिय सरकार गठन भएपछिको हकमा नगर सभाले स्विकृत गरे बमोजिमको दररेट अनुसार सम्पति कर संकलन गर्ने र सो भन्दा अगाडिको प्रत्येक वर्षको प्रति रोपनी ५ रुपैयाँका दरले संकलन गर्ने र बक्यौता रकममा ५ प्रतिशत जरिवाना समेत थप गरी एकिकृत सम्पत्ति कर लिने निर्णय गरियो। २०७४ साल भन्दा अघिल्ला ५ वर्षको कर एकमुष्ठ लिने तथा सो भन्दा पछाडिको कर एकमुष्ठ तिरेमा उक्त अवधि भन्दा अगाडीको कर छुट दिने निर्णय गरियो ।

१४. नगरपालिकाभित्र नगरपालिकाको स्विकृत नीति र मापदण्ड बमोजिम नक्सापास नगरि घर निर्माण गरेका नगरबासिहरुलाई घर अभिलेखिकरण गर्नको लागी सार्वजनिक रुपमा आह्वान गर्ने तथा २०७९

माघ मसान्तभित्र घर अभिलेखिकरणको लागि निवेदन गरेमा लाग्ने शुल्कमा २० प्रतिशत छुट दिने निर्णय गरियो।

१५. ठेक्का बन्दोवस्त गर्ने प्रयोजनार्थ सुचना आह्वान भएका र कुनैपनी ठेकेदारले ठेक्का प्रस्ताव पेश नगरि ठेक्का लाग्न नसकेका घाटहरुको अमानतमा निर्माणजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्रिवितरण गर्नको लागी वडा कार्यालयहरुले व्यवसायीहरुसँग छलफल गरी अधिकतम राजश्व संकलन गर्ने विकल्प सहित कार्यपालिकामा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

१६. विषयगत शाखा प्रमुखहरुले प्रथम त्रैमासिक अवधिमा सम्पादन भएका कार्यक्रमहरुको प्रगति पेश भयो तथा उक्त प्रतिवेदन माथि कार्यपालिकाका सदस्यहरुबाट प्राप्त राय, सल्लाह र सुझाव सहित थप कार्ययोजना सहित योजना कार्यान्वयनलाई प्रभावकारी रुपमा अगाडि बढाउने निर्णय गरियो ।

१७. साँध सिमानाको रुख हटाउने, शिक्षक पुरस्कार र विद्यार्थी छात्रवृत्ती मापदण्ड आगामी बैठकमा पेश गर्न निर्देशन गरियो ।

१८. जनता माध्यमिक विद्यालयको व्यवस्थापन समिति लामो समय देखि अद्यावधिक हुन नसकेको तथा शैक्षिक गुणस्तर समेत कमजोर हुँदै गइरहेकोले तत्काल नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न जनता मा. वि. कुँडुलेलाई निर्देशन दिने निर्णय गरियो । त्यसको अनुगमन गरी प्रतिवेदन पेश गर्न शिक्षा, युवा तथा खेलकुद विकास शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

१९. कृषि तथा पशुजन्य उपजको २०७९ पुष १४ गते नगरस्तरिय मूल्य निर्धारण समितिबाट सिफारीस भइ आएको कोदोको मुल्य प्रति के. जी. रु. ५५ (अक्षरुपी पचपन्न रुपैया मात्र) कायम गर्ने निर्णय गरियो । दशौं नगर सभाबाट स्वीकृत गरिएको कोदो उत्पादनमा नगद अनुदान कार्यक्रमलाई तत्काल अगाडी बढाउन कृषि शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

२०. न्यायिक समितिको क्रियाकलापलाई विधि सम्मत रुपमा संचालन गर्नको लागि कानुनी सेवा तत्काल लिने निर्णय गरियो।

२१. कोदो उत्पादनमा आधारित नगद अनुदानको लागि आवश्यक पर्ने थप रकम यकिन गरी कृषि शाखाले आर्थिक प्रशासन शाखासँग समन्वय गरी स्रोत सहित प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुको सकरात्मक सहयोग, सद्भाव र सहभागिताको अपेक्षा राइनास नगरपालिकाले गरेको छ। धन्यवाद।

गोविन्द चिलुवाल
प्रवक्ता
नगर कार्यपालिका